# जूनको रोटी

(मुक्तक, हाइकु र सेन्युहरूको संग्रह)

साहित्यपोस्ट

डा. वीरेन्द्र केसी

कृतिकारः डा. वीरेन्द्र केसी

कृतिः जूनको रोटी

विधाः काव्य संग्रह

प्रकाशकः साहित्यपोस्ट

सम्पर्क नं.ः ९८५१०९७८८८

इमेलः sahityapost2020@gmail.com

सर्वाधिकारः लेखकमा

प्रथम संस्करणः २०८० कात्तिक

आवरणकलाः राज सिटौला/साहित्यपोस्ट

मूल्यः २५०/-

आइएसबिएन नं.ः ९७८-९९३७-१-४८९६-२

(यस पुस्तकको कुनै पनि अंश वा पूरै पुस्तक लेखकको अनुमतिबिना कुनै पनि माध्यमद्वारा पुनरूत्पादन गरेमा वा फोटो कपी गरेको पाइएमा प्रतिलिपि अधिकार ऐन २०५९ अनुसार कार बाही गरिनेछ ।)

# समर्पण



मेरो पहिलो प्रकाशित कृति 'आमाको काखमा दुखेको देश' कविता संग्रह र दोस्रो कृति 'किवीको देशमा डाँफेको गुञ्जन' गजल संग्रहपछि मेरो यो तेस्रो कृति 'जूनको रोटी' (मुक्तक, हाइकु र सेन्युहरूको संग्रह) पनि मेरा आमा-बुवाप्रति समर्पित गरेको छु ।

# शुभ–कामना



हाम्रा ज्वाईं डा. वीरेन्द्र केसीको यो तेस्रो कृति "जूनको रोटी" प्रकाशित भएकोमा हामीलाई आनन्दित बनाएको छ । मुक्तक, हाइकु र सेन्युका पारखी साहित्यप्रेमी पाठकहरूले यस संग्रहलाई माया गरिदिनुहुनेछ भन्ने अपेक्षासहित नेपाली साहित्यको आँगनमा सृजनाका यस्ता फूलहरू निरन्तर फुलाउँदै जानुहोस् भनी हामी ज्वाईंलाई आशीषसहित शुभकामना दिन चाहन्छौँ ।

# मुक्तक र हाइकुहरूमा एकछिन



मुक्तक नेपाली परम्पराबाट नै हुर्कंदै आएको पुरानो कविताको लघुतम उपविधा हो । केही समय अघिसम्म मुक्तक मात्र कविताको लघुतम उपविधामा पर्दथ्यो तर अहिले असंख्य उपविधाहरू जन्मिसकेका छन् । बाछिटा, कोपिला, सुसेली, झर, पञ्चाङ्ग, उदक आदि ।

नेपाली कवितासाहित्यका परम्परामा लामो समयसम्म मुक्तकीय आयाम अनियन्त्रित ढङ्गमा अगाडि बढ्यो । दुई पंक्तिदेखि नौ/एघार पङ्क्तिसम्मकालाई मुक्तक नै भनियो । यस अस्थिरतालाई चिर्दै प्रज्ञाको संयोजकत्वमा यसको स्वरूप निर्धारण गरियो र अहिले मुक्तकीय लेखन आयाम निर्विवाद बनेको छ ।

चार पंक्तिमा समग्र विश्व अटाउने तीक्ष्ण भावावेग भएको आयाम नै मुक्तक हो । पहिलो पंक्ति विषय उठान, दोस्रोले त्यसको मजबुत विकासको संकेत, तेस्रोले स्वतन्त्र रूपमा सम्बन्धित विषयको विराट् विश्व संकेत, चौथोमा चारै पंक्तिको निचोडसहित झ्वाम्म पाठकभित्र कम्पन भर्ने क्षमता नै मुक्तकीय स्वरूप हो । पहिलो, दोस्रो र चौथो पङ्क्ति अनुप्रासयुक्त र तुकबन्ध हुनुपर्यो भने तेस्रो पंक्तिबिना तुकानुप्रास मुक्त रहन्छ ।

पछिल्लो निर्धारित आयाममा आधारित भएर नै चतुस्पदीय ढाँचामा कवि डा.

वीरेन्द्र केसीका मुक्तकहरू आएका छन् । समाज, प्रकृति, मनोजगत्, राजनीति, अध्यात्म क्षेत्रसम्मका बिम्बसंकेतमा मुक्तकीय भाव अभिव्यञ्जित गरेका छन् मुक्तककार डा. वीरेन्द्रले । कतै कतै प्रणयात्मक स्वरूप संकेतक मुक्तक पनि यसमा रहेका छन् । अधिकांश मुक्तकहरू सामाजिक विसङ्गति विकृतिप्रतिका कटाक्षमा रहेका छन् ।

हाइकु नेपाली कविताका लघुतम लेखनमध्येको एक उपविधा हो । यसको बाहिरी संरचना पाँच/सात/पाँच गरी जम्मा सत्र अक्षरको हुन्छ । सिध्दान्ततः यसमा एक न एक प्राकृतिक बिम्ब समायोजित भएर समाजका सङ्गति वा विसङ्गतिका रन्का उत्रिन सक्नुलाई सार्थक मानिन्छ ।

यसको लेखनसुरू जापानबाट भएको हो । नागशाकी र हिरोसिमामा अचानक भएको बिस्फोटबाट आहत जापानी जीवनशैली कर्मशीलताको एकोहोरो गतिमा उन्मुख भएपछि प्राप्त सानो समयावकाशमा लामा सिर्जना अध्ययनको अभावभित्र छोटो समयमा नै पढिसकिने र जीवनजगत् पनि झल्कने रूपमा यसको सुरू/विकास र विस्तार पनि भयो ।

नेपाली साहित्यमा खासै चासो नदिइएको तर लेखनचाहिँ निरन्तर भइरहेको उपविधा हो, हाइकु । यसमै अटुट रूपमा लागिपर्ने नेपाली हाइकुका अझ शृङ्गारिक पक्षमै समर्पित हुने स्रष्टा हुन्, पुष्कर लोहनी ।

यसै सिलसिलामा विदेशमा रहेर अनेकौं भौतिक सङ्घर्षका बाबजुद पनि यस उपविधालाई माया गर्ने स्रष्टा व्यक्तित्वका रूपमा यसै संग्रहमार्फत उदाएका छन्, डा. वीरेन्द्र केसी । यस

संग्रहमा उनले पचास वटा हाइकु र पचास वटा सेन्यु पस्केका छन् । कुनै न कुनै प्रकृतिका बिम्बभित्र समाजका विविध पक्षको अर्थ संकेत गर्न सिपालु केसीको यो तेस्रो सिर्जनात्मक कृति हो । कविता र गजललेखनका सन्दर्भबाट खारिएर हाइकु/सेन्युमा देखापरेको उनको कलम यसै पनि माझिएको, परिस्कृत भएको र सिर्जना क्षेत्रको उपविधागत लेखन मान्यतामा निकै सचेत भएको पनि पाइन्छ । संकेत गरिएका बिम्ब व्याख्याबाट समग्र प्राप्तिको अपेक्षा हाइकु/सेन्युको मुटु हो भने यसको मर्मसम्म छाम्न सफल भएको पाउँछु म, स्रष्टाको यस सानो गोजीग्रन्थमा ।

कुनै पनि विधा/उपविधाको उचाइ चुम्न एक त्यसमा पनि सानो कृतिबाट मात्र सम्भव छैन । निरन्तरको समर्पित साधना नै साधकको साध्य बन्दछ । यस यात्रामा वीरेन्द्रका कलमको मसी सुक्नुको सट्टा अझ सशक्त झर्ना बनेर निरन्तर कृतिका रूपमा आइरहून् । बिल्कुल प्राविधिक क्षेत्रबाट साहित्यिक फाँटको उन्नयनमा आउँदै गरेका डा. वीरेन्द्र केसीको यात्रा अझ झाङ्गिँदै/फैलिँदै कवितालेखनको फराक फाँटमा उभिने अन्तरप्रेरणा यस कृतिले प्रदान गर्दै आगामी समयमा कविताकृतिसमेतका उज्ज्वल अनुहार देख्न पाइयोस् । यही अपेक्षा र कामनाका साथ उनलाई साधुवाद दिदै कलमबाट विश्राम लिऊँ है त !

**कलानिधि दाहाल**

वरिष्ठ साहित्यकार

# लेखकको भनाइ



साहित्यप्रति म स्कुले जीवनदेखि नै आकर्षित हुँदै आएको छु । मनमा उब्जेका भावलाई टिप्दै जाने पहिलेदेखिकै बानी भए पनि साहित्य संग्रह नै प्रकाशित गर्ने सोच भने निकैपछि मात्र पलाएको हो । यसअघि मेरो पहिलो कृतिको रूपमा 'आमाको काखमा दुखेको देश' कविता संग्रह र दोस्रो कृतिको रूपमा 'किवीको देशमा डाँफेको गुञ्जन' गजल संग्रह प्रकाशित भएका छन् । ती संग्रहहरूमा उल्लेख गरेजस्तै मलाई साहित्य लेखनमा प्रेरित गर्ने मेरो लेखनको पहिलो प्रेरणाको स्रोत महेन्द्र मा. वि. तुलसीपुर दाङका पूर्वप्रधानाध्यापक विष्णुप्रसाद शर्मा हुनुहुन्छ । मेरो लेखनप्रति सकारात्मक भाव देखाउँदै लेखनलाई अगाडि बढाउन मेरा आमा-बुबा, सासुआमा-ससुराबुवा लगायत साथीभाइहरूले पनि सदा हौसला दिँदै आउनुभएको छ । मेरो लेखनमा सबैभन्दा बढी साथ दिने र साहित्यिक संग्रह प्रकाशित गर्दै जाने हौसला दिने भने मेरी श्रीमती डा. सरिता केसी हुन् ।

मुक्तक कविताको लघुतम रूप भित्र पर्ने एक काव्यविधा हो । यसको संरचना चुतुष्पदी अर्थात चार हरफको हुन्छ । पहिलो र दोस्रो हरफका अन्त्यको शब्द अनुप्रासमय हुनुपर्दछ, तेस्रो हरफ स्वतन्त्र हुन्छ र चौथो हरफ पहिलो र दोस्रो हरफकोजस्तै अनुप्रासबद्ध हुनुपर्दछ ।

हाइकुलाई एउटा अलगै काव्य विधाको रूपमा अगाडि

बढाउने पथ प्रदर्शक जापानका मासाओका सिकी हुन् भने यसलाई नेपाल भित्र्याउने नेपाली साहित्यकार शंकर लामिछाने हुन् । हाइकु तीन हरफको संरचनामा लेखिन्छ (५, ७, ५ = १७) भने तीन हरफमध्येमा कुनै एउटा हरफमा प्राकृतिक विम्ब अनिवार्य हुनुपर्छ । हाइकुकै संरचनामा लेखिएको तर प्राकृतिक विम्ब नभएको सिर्जनालाई 'सेन्यु' भन्ने गरिन्छ । यसै मान्यतामा बसेर तयार पारिएका मुक्तक, हाइकु र सेन्युहरूको संग्रहलाई मेरो यो तेस्रो कृतिको रूपमा प्रकाशित गर्न पाउँदा हर्षबोध भएको छ ।

यस संग्रहमा भूमिका लेखिदिनु भएकोमा ज्ञाता साहित्यकार कलानिधि दाहालज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै कतिपय सुझाव र सल्लाहका लागि हाइकुका ज्ञाता साहित्यकार प्रमोद सारङज्यूप्रति कृतज्ञता प्रकट गर्दछु । प्रकाशनको सम्पूर्ण जिम्मा लिने साहित्यपोस्टका प्रधानसम्पादक तथा चर्चित साहित्यकार अश्विनी कोइरालाज्यू, भाषा सम्पादन हेरिदिनु हुने अच्युत कोइराला र सुन्दर आवरण बनाइदिनु हुने राज सिटौलाप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

मुक्तक, हाइकु र सेन्युका पारखी साहित्यप्रेमीले यस संग्रहलाई माया गरिदिनुहुनेछ भन्ने अपेक्षा लिएको छु ।

अन्त्यमा मेरा दुई छोरीहरू यशस्वी र आरोही केसी र मेरो लेखनमा रूचि राख्ने मेरी दिदी रीता र बहिनी सीता केसी, भाइहरू डा. रेमन्त र भूप केसीप्रति माया व्यक्त गर्दछु ।

**डा. वीरेन्द्र केसी**

अध्यक्ष,

नेपाली साहित्य समाज न्युजिल्यान्ड

# विषयसूची


१.
मुक्तक खण्ड १५
२.
हाइकु खण्ड ४३
३.
सेन्यु खण्ड ७१

# मुक्तक खण्ड

१.

सधैं संगीतमय सरगम धुनका छोरीहरू
प्रेमका पर्याय प्रेमिल मेरी उनका छोरीहरू
लाग्छ शितलता र सुन्दरताका शिखर उनी
मलाई मिलेका भाग्यले मेरा जूनका छोरीहरू



२.

वसन्तले गरेजस्तै माया मयुरलाई
मन्दिरले सजाएझैं शिरमा गजुरलाई
माया गरी सजाउने छु पाठकवृन्द
आइबस्नुस् हृदयमा स्वागत हजुरलाई

३.

नेपाली भाषा र साहित्य बचाउन
आफ्नो संस्कृति मुटुमा सजाउन
छोड्दैनौं हामी संसारमा जहाँ जाउँ
झ्याउरेमा गाउँदै नाच्न र नचाउन



४.

हारेका नेताज्यू भाषण गर्न
जितेका नेताज्यू शासन गर्न
कवि छन् तल्लिन कविता लेख्दै
भाषा जोगाउन वाचन गर्न

५.

मेरो प्रेम अरूलाई निःस्वार्थ माया गर्नेहरूलाई
मेरो प्रेम अरूका पीडा र घाउ भर्नेहरूलाई
रिस राग नराखी मनमा अर्पण गर्छु सधैं सधैं
मेरो प्रेम शान्तिका फूल अक्षेता छर्नेहरूलाई



६.

छोरा र छोरी बराबर हुन् भन्ने नजान्नेहरूलाई
अंश र वंश छोराको वरिपरि मात्र ठान्नेहरूलाई
म कसरी मानसिक रूपमा स्वस्थ छौ तिमी भनूँ?
आफ्नै छोरीलाई पनि सन्तान नठान्नेहरूलाई

७.

छोरीलाई देवी मान्दै कति आफन्तहरू पाउमै परिदिन्छन्
जति सरकार आउँछन् बोलीले त सबै अधिकारले भरिदिन्छन्
तर यथार्थमा नारीप्रति यति विभेदी छ यो हाम्रो समाज
आफ्नै बाबुले समेत छोरीलाई अंशबाट वञ्चित गरिदिन्छन्



८.

बगैंचामा फूल भर्ने छोरी नै हुन्छन्
घरभरि सुवास छर्ने छोरी नै हुन्छन्
ईश्वरलाई बचाउन हरेक मन्दिरहरूमा
अक्षता लिई पूजा गर्ने छोरी नै हुन्छन्

९.

सिउँदोमा मेरो नाम सजायौ भने
पाउजूमा मेरो गान सजायौ भने
जिउनुको मजा त तब हुनेछ
मनको फूलबारीमा कजायौ भने



१०.

जतन गरी पानी प्रयोग गर्नु रक्तदान जस्तै पुण्य हुन्छ
सिता न छोडी खाना खानु अन्नदान जस्तै गुण्य हुन्छ
अरूलाई हौसला दिन धाप मार्नु मात्र पनि श्रमदान हो
तर त्यति पनि गर्न नसक्नेहरूको जिन्दगी शून्य हुन्छ

११.

म सानो हुँदा आमा भन्नुहुन्थ्यो, छोरा तिमी सिङ्गो देशको आश हौ
बुढी हुँदै जादा भन्न थाल्नु भो, छोरा तिमी मेरो जीवनको सास हौ
तर जस्लाई पुर्खाले लखेटे उनकै सेवामा म तल्लीन भएको देख्दा
आज आमा भन्नु हुन्छ, छोरा तिमी पश्चिमाको आधुनिक दास हौ



१२.

छोरीको लागि योग्य वर, राजा जनकले जाँचिसके
खुसी हुँदै मन भित्रैदेखि, मधुर मुस्कान हाँसिसके
उस्तै खुसी रानी सुनैना, सीतातिर हेर्दै भन्छिन्
जाऊ छोरी वरमाला लाऊ, रामले धनुष भाँचिसके

१३.

कालो रात हटाउन सूर्यजस्तै बल्न सक्नु पर्छ
आफू रोई अरू हँसाउन मैनजस्तै जल्न सक्नु पर्छ
साँच्चै समाजको लागि केही गर्छु भन्नुहुन्छ भने
छातीमा गोली थाप्दै सहिदजस्तै ढल्न सक्नु पर्छ



१४.

पराइको लङ्कातिर तिमी लोभिंदै उडे पनि
अरू साथीहरू रेल चढी रक्सौलतिर गुडे पनि
म त जान्न देश छोडी भन्दै खुबै फुर्ति लाउँथ्यो
उड्यो आज युरोपतिर हाम्रो गाउँको भुँडे पनि

१५.

गाउँ रित्तो पारी विदेश गए युवा एक एक गरी
तिमी भने आफ्नो देश नछोड्नु है डाँफे चरी
भन्दै दुई हात जोड्दै डाँफे मुनालतिर हेर्दै
रून्छिन् मेरी आमा अचेल आँखाभित्र आँशु भरी



१६.

कांग्रेस र कम्युनिस्टभित्र छन् कयौं आशा गर्न लायक
छन् कति अरू दलहरूमा दुनियाँ बुझेका सच्चा नायक
यदि साँच्चै आफ्नै जीवनकालमा नयाँ नेपाल हेर्ने हो भने
चिनौं उज्याला युवा जो जहाँ छन् नगरी कुनै दल बाहेक

१७.

आफू नबदलिई बदलिंदैन देश जागौं अब सत्य यो सोचौं
भाषण र रासन होइन दृष्टिभरिका जो छन् नेता खोजौं
पाँच पाँच वर्षमा फिर्ने चुनाव नै नयाँ नेपालको जग हो
मतको माला ती सज्जनलाई जो फेर्ला देशको काँचुली रोजौं



१८.

उनकै गोडा धुँदा नि झगडा गर्दा रहेछन्
उनकै पिरमा रूँदा नि झगडा गर्दा रहेछन्
खै किन हो बिहेपछि यी केटा मान्छेहरू
तरकारी चर्को हुँदा नि झगडा गर्दा रहेछन्

१९.

सगरमाथा सधैं शिरमा राख्ने हजुरहरूलाई
पौरखमा कहिल्यै नथाक्ने हजुरहरूलाई
नयाँ वर्षको यही शुभ कामना छ मेरो
शक्ति मिलोस् संसार हाँक्ने हजुरहरूलाई



२०.

वसन्तमा पालुवा पल्लवित भएजस्तै
दुःखका पतझडहरू हटेर गएजस्तै
हजुरहरूका हरेक वर्ष यस्ता बनून्
धर्म युद्धमा पाण्डवहरूको विजयजस्तै

२१.

म बोलाउँला मायालाई माया मिसाई बोलीमा
लिन आउँला लैजानलाई दुलही बनाई डोलीमा
तिमीले लगाइदेऊ ढाका टोपी मेरो शिरमा
म बान्दिउँला सधैं प्रिय तुनाहरू तिम्रो चोलीमा



२२.

वर्षौंसम्म मेरा आँखाको मातको कुरा गऱ्यौ
कयौं रातहरूमा मेरो साथको कुरा गऱ्यौ
तर जब मैले अब त बिहे गरौं भनें
अनायासै तिमीले मेरो जातको कुरा गऱ्यौ

२३.

हाम्रो सरकार बनाउन दिल्लीमा सल्ला हुन्छ
यो कहाँ लुकेको छ र गल्ली गल्लीमा हल्ला हुन्छ
थाहा छ हजुरहरूलाई यस्तो किन हुन्छ होला
किनकि हाम्रो नेतृत्व उतैको चल्ला हुन्छ



२४.

तँछाड मछाड बाँच्दासम्म सपना भाँती भाँती
उक्लुँ सिंडी पुगुँ शिखर बनुँ झन् झन् जाती
यस्ता अनेक रहरहरू मनमा फुल्दा फुल्दै
रूक्न सक्छ श्वास क्षणमै उडन सक्छ माथि

२५.

मगमग मिठो बास्ना हुञ्जेल जुनै पनि फूल
मन पराउने हजार हुन्छन् पुतलीका हुल
जीवन पनि फूलजस्तै फत्री फूल्दासम्म
भमरा भै आउँछन् कयौं चुस्छन् रसको मूल



२६.

रंगीविरंगी फूलहरू फुलेझैं बगैंचाभरि
लाखौं तारा आकाशमा बल्छन् टिलपिल गरी
तिनै तारा बल्दाबल्दै जसरी खस्छन् साथी
त्यसरी जीवन अनायासै जान्छ एक दिन मरी

२७.

नखाई कयौं दिन र रात हरेक याममा
चढाएँ भक्ति राधा र कृष्ण, सीता र राममा
अनि यो मिल्यो ज्ञानको दियो सुन हे साथी हो
आमाको सेवा जो गर्ला जानु पर्दैन धाममा



२८.

राजकुमार हुँ भन्दै सुकुलगुण्डा गाउँमा अएपछि
वर्षौंदेखि मैले रोजेको केटी उसले पाएपछि
मैले मलाई होइन मेरो समाजतिर हेर्दै सोचें
विषै बिक्ने रैछ यहाँ सुनको जलप लाएपछि

२९.

भैंसी ब्याउँदा नि तिमीलाई गाई ब्याउँदा नि तिमीलाई
बाख्रीले पाठा-पाठीलाई दुध खुवाउँदा नि तिमीलाई
नसम्झेको एक पल पनि छैन सम्झन्छु सधैं सधैं नै
प्यारो छोरा आकाशमा जहाज आउँदा नि तिमीलाई



३०.

फूलको मात्र होइन यहाँ झारको पनि मूल्य हुन्छ
त्यसैले त यो संसारको मूल्य अमूल्य हुन्छ
जीवन एक संघर्ष हो लड्नु पर्छ लिनलाई
जो लड्दैन उसको जीवन सधैं शून्यतुल्य हुन्छ

३१.

पैसा बिना भोकै दिन रात काट्नु पर्ने पनि नहोस्
पैसा होस् तर कति छ भन्दा ढाँट्नु पर्ने पनि नहोस्
भन्न त भन्छन् माया गर्दा धन होइन मन हेर्नुपर्छ
तर मन मात्र हेर्दा खाली थाल चाट्नु पर्ने पनि नहोस्



३२.

नसुतेरै रात बित्यो बताउँ म कसरी
घाउ बन्यो चिलाउँदा जिउ भरी बेसरी
निद्रा लाग्यो दिउँसोमा आँखा के झिम्काएँ
मच्छरसँगै झिङ्गा आए आतंककारी जसरी

३३.

झिङ्गाहरू बसेर पुरानो घाउ खोतले
उडुसले त्यही घाउ चुस्न थाले आंठले
गाह्रो पऱ्यो निदाउन तर कोसिस गर्दै थें
मच्छरले कानमै आई मामा भन्यो जोडले



३४.

रोजेर बस्न दिन्छ्यौ भने तिम्रो छातीको बायाँ रोज्नेछु
खोजेर लिन दिन्छ्यौ भने तिम्रो मुटुको माया रोज्नेछु
तर तिमीलाई छुने अनुमति कदापि दिन्न भन्छ्यौ भने
तिमीलाई नछोई तिमीसँगै रहने तिम्रो छाया रोज्नेछु

३५.

तिमी मलाई माया गर वा नगर म गर्नेछु हर होसीमा
मेरो मायालाई दोष लगायौ भने पनि गर्ने छु बेहोसीमा
यति भन्दा नि मेरो मायालाई नाप्न र जाँच्न छोडिनौ भने
तिम्रो कसम म आँशु बनी अंगअंग झर्नेछु सुनकोशीमा



३६.

तिमी अर्कैकि दुलही बनेर गए पनि म टाढैबाट हेर्नेछु
मनका शून्यता अतितका तिता मिठा यादले भर्नेछु
तिमीलाई पाउन मैले अर्को जुनी लिनुपर्छ भन्छ्यौ भने
तिम्रो कसम हाँसी हाँसी हजारौं हजार जिन्दगी मर्नेछु

३७.

हरेक साँझ तिम्रो बिस्तारामा आउने छु सिरानी बनेर
विपनीमा नभए पनि तिम्रा सपनीमा चिनारी बनेर
सँगै जिउन पाइन त के भयो तिम्रै नाममा मर्दैछु
तर मरे पनि तिमीबाट टाढा जाने छैन बिरानी बनेर



३८.

मलाई धोका दिएर मोरी अर्कैसँग पोइल गाथी
घमण्ड यति चढ्या थ्यो कि भुइँमा खुट्टा नटेक्ने भाथी
मलाई उसले दिएजस्तै नमज्जासँग धोका खाइछे
घर न घाटको भएँ भन्दै बिहानै मेरो घरमा आथी

३९.

तस्बिरमा बोली देऊ
वा पीडा सहने गोली देऊ
सक्छेऊ यादमा नआई देऊ
आए पनि नपोली देऊ



४०.

दिन रात लिने हर श्वासमा तिमी
पल पल जिउने हर आशामा तिमी
म मरे भने पोस्टमार्टम गरी हेर्नु
बाँचेकै हुनेछ्यौ मेरो लाशमा तिमी

४१.
नबोल्ने फोटो हेरूँ कतिसम्म
यो अन्तिम प्रश्न लिऊँ कति जन्म
के गर्दा पाउँछु तिम्रो माया प्रिया
प्रारब्धदेखि अनन्तसम्म



४२.
आँखामा नराख मलाई आँशु बनी झर्न सक्छु
परेलीमा रोक्यौ भने अरूको नजर पर्न सक्छु
मैले जस्तै सर्वस्व मानी जतन गरी सधैंभरि
मुटुभित्रै लुकाई राख नत्र त्यसै मर्न सक्छु ।

४३.

आँगनमा नरोक मलाई हाम्रो माया हाँसो बन्छ
पल्लो कोठामा रोक्यौ भने हाम्रो दुरी पासो बन्छ
बेकारको आनाकानी छोडी मलाई आफ्नै ठानी
काखमै बास दियौ भने हाम्रो पिरती नासो बन्छ



४४.

इशाराले नरोक मलाई रिसाएको पाराले
हात मेरा छोड्यौ भने जुन छोड्ने छन ताराले
तिम्रो अस्वीकार सुनी मैले विष खाएँ भने
ज्यान दिनेछन् वियोगमा प्रेमीहरू साराले

४५.

माया नाइँ नभन मलाई या त जोहो गर सलाई
अरूको डोली चढे चढ्नु पहिले मेरो लाश जलाई
यो जुनीमा नरोजे पनि अर्को जुनी भेट भयौं भने
अन्तिम इच्छा यही मेरो तिम्रो माया दिनु मलाई



४६.

म जूनसँगै आउने छु आभा बनेर
म किरणसँगै आउने छु प्रभा बनेर
तिमी आऊ वा नआऊ मेरो जीवनमा
म तिम्रो जीवनमा आउनेछु सुनगाभा बनेर

४७.

म तिम्रा सुख सिउने सियो बनिदिउँला
तिमी डण्डी बने म बियो बनिदिउँला
यो भन्दा बढी अरू खै के नै बाचा गरूँ
बाल्न तयार छ्यौ भने दियो बनिदिउँला



४८.

तिम्रा लागि सहेर सयौं कहरहरू
आफूले पिएर पनि कयौं जहरहरू
प्रतिज्ञा गर्छु म पूरा गरिदिउँला
तिम्रो मन भित्रका हरेक रहरहरू

४९.

तिम्रा अँधेरीहरू हटाइदिउँला राँको बनेर
तिम्रा खुशीहरू उनिदिउँला धागो बनेर
कसम तिमीप्रति कुनै गुनासो गर्ने छैन
चाहे तिमी मलाई जलाइदेऊ आगो बनेर



५०.

राखेकै छु मुटुभित्र विश्वास गर न हो प्यारा
सुम्पेकै छु तन मन अर्पण गर्न सक्ने सारा
फेरि पनि मेरो माया कमी भयो भनी किन
बनाउँछौ आँशु झारी कैले राप्ती कैले रारा

# हाइकु

१.

जुनको रोटी
घाममा सेकाउँदै
खुर्सानी खाँदै



२.

होटेल्नी कान्छी
सुनसान सडक
आँशुको भेल

३
त्यो कालो कोठी
ती त्रसित परेवा
यो कली युग



४.
ती बाँझा खेत
उर्लिंदो महाकाली
छोराको टोफेल्

५.

काठमाडौंमा
ऐंजेरू पनि बिक्ने
वाह राजधानी



६.

नयाँ पोखरी
चराले नुहाउँदा
भत्कियो बाँध

७.

रूखमा आँप
फेदमा बुढी आमा
छोरो प्रवास



८.

सगरमाथा
सपनामा ढलेको
कस्तो अनर्थ

९.

कालो बादल
भत्काइएको गुँड
चर्को रूवाइ



१०.

गिट्ठाको खेती
आँपको व्यवसाय
धनको लोभ

११.

ढल्कँदो दिन
घाम ताप्ने बाहाना
जिउने चाह



१२.

घरको छानो
कैले चुहिन्छ पानी
कहिले जुन

१३.
वर्षाको झरी
गुँडमा एक्ली चरी
बाँच्छे कसरी



१४.
काटेको धान
किसानको आँगन
हर्षित मुसो

१५.

चिताको लाम
बगरको झुपडी
सधैं उज्यालो



१६.

आयो वर्षात
बाढी भेल उर्लियो
गाग्री छ रित्तै

१७.

इन्द्रधनुष
मिलेका रङहरू
प्रेम बन्धन



१८.

तिहार आयो
गाई छैन घरमा
भैंसी पखाल्दै

१९.

जून झरेर
तालमा रमाउँदै
डुबुल्की मार्छ



२०.

जून उदायो
जूनकीरी ईर्ष्यामा
झुपडी हाँस्छ

२१.

चिन्ता नगर
काला रात नआई
दिन हुँदैन



२२.

स्यालको राज
चिडिया भित्र बाघ
दुष्टको नाच

२३.
चर्को घाममा
किसानको पसिना
हाम्रो राशन



२४.
आफ्नो सलाई
आफ्नै घर जलाई
बेच्दै खरानी

२५.
असला सम्भ्की
हुर्कायौं चेपागाँडा
पाल्नु न फाल्नु



२६.
झुसिलकीरा
गतिशील मोहक
पुतली बन्छ

२७.

थिच वा मिच
सुगन्ध मगमग
वाह् पारिजात



२८.

छानो खरको
माया मारी बरको
भएँ शहरको

२९.

काली कर्णाली
पानी बनी बग्छन्
बुद्धका आँशु



३०.

मेरो देशमा
फूलहरूको वर्षा
झुटो सपना

३१.
सितल हावा
हिमाल स्पर्श गर्छ
पानी खसाल्छ



३२.
जून आएर
मेरो झुपडी भित्र
उज्यालो छर्छ

३३.
माकुरी जाल
झिँगाहरू फँसेका
बैरी हाँसेका



३४.
मेरो शहर
मलिन जून तारा
शीतको वर्षा

३५.

फूलको निम्ता
भमरालाई पुग्छ
हावा प्रशन्न



३६.

छेपाराहरू
यत्र तत्र सर्वत्र
देशको दशा

३७.

काफल टिप्न
एक्लै नजाऊ छोरी
काँडाले घोंच्ला



३८.

जूनमा दाग
रिकुटेको बसाई
उता सरेछ

३९.
रातो रगत
कर्णालीमा बगेर
सिमाना नाघ्छ



४०.
नुन खुर्सानी
गरिबको आहारा
पसिना पानी

४१.

नाडी र नारी
पग्लिरहेको हिउँ
हाम्रो अस्तित्व



४२.

नेताको हाल
शंखे किराको चाल
लक्ष्य चन्द्रमा

४३.
पहाड माथि
यो मनतातो घाम
जाडोको याम



४४.
मेरो पसिना
साहुको गैरी खेत
धानका बाला

४५.

वृक्ष सबैले
फेदमै पात झार्ने
भव्य पाठ्शाला



४६.

प्रेम खोज्छ
माछापुछ्रे फेवामा
मान्छे ढेवामा

४७.

यो मुटुभित्र
मेरो देशको चित्र
सधैं पवित्र



४८.

प्रिया र रक्सी
उस्तै उस्तै लाग्दछ
जाडो याममा

४९.

साथमा तिमी
यो सिमसिम पानी
लाजै हरायो



५०.

झरीमा भिज्दा
तिम्रा आँखा चातुर्य
माया माधुर्य

# सेन्यु खण्ड

१.

जून हेरेर
छोरोले भोक मेट्छ
आमा रून्छिन्



२.

बुद्ध र विष्णु
बेची डकार्नेहरू
दैत्य नै हुन्

३.
हाम्रो कहानी
सुख खोज्ने नाममा
दु:खी जवानी



४.
हाम्रो संघर्ष
खोजी खुसी र हर्ष
दु:ख निष्कर्ष

५.

प्रवास बास
खुसी छैन क्यै खास
मनै निरास



६.

बा–आमा देश
नअट्ने पासपोर्ट
छोरोले खोज्दै

७.

झूटा कुरामै
तालीहरूको वर्षा
राजनीति रे



८.

ठूलो भिडमा
अनौठा आश्वाशन
चुनावी नेता

९.
म मर्दा पनि
दाह्रा किट्दै थिइन्
सौतेनी आमा



१०.
जो जलाउँछ
उसैलाई ऊ खान्छ
बिंडीको ठुटो

११.
भ्रष्ट नेताको
सुशासनको नारा
हाँस्दै जनता



१२.
बसेर भोकै
हुर्काएका बचेरा
छोडेर गए

१३.
बिना योग्यता
मिल्ने एउटै पद
नेताको कुर्सी



१४.
सानो छ मुटु
मात्र प्रिया अट्ने
माफ गर है

१५.

छोरी लुटिंदा
न्यायको त्यो तराजु
मौन छ किन



१६.

उस्तै देखिन्छन्
सम्पूर्ण न्यायालय
झुट बिकेको

१७.

बटुल्दै सिता

सडकमा बालक

सुखी नेपाल



१८.

आमाको धोती

दश ठाउँ च्यातेर

बाँडे छोराले

१९.
उनी आइन्
मेरो यो जीवनमा
ऐना हटाएँ



२०.
फुटेको हाँडी
टाल्दै गरेको नेता
कस्तो विज्ञता

२१.

निभेको दियो
त्यहीं पानी खन्याई
प्रवास आएँ



२२.

जय भूकम्प
हाम्रो असलियत
देखाई गयौ

२३.
डाँफेको जस्तो
किवीको छैन मोह
नेपाली मुटु



२४.
डाँफेको जस्तै
किवीको पनि माया
प्रकृति प्रेम

२५.

मेरो कलम
हाइकु र सेन्युमा
शब्द सिंगार्दै



२६.

छोरी गोठमा
पूजा थाली बोकेर
म मन्दिरमा

२७.
दशैं आएछ
बाले बजारबाट
खुर्सानी ल्याए



२८.
प्रवासमा म
आकाशमा जहाज
बरर आँसु

२९.
स्वर्गको आश
मृत्युको भने त्रास
झुटो सपना



३०.
रफ्तार गाडी
रफ्तारमै जिन्दगी
यात्रा चिताको

३१.

आर्य घाटमा
ब्रह्मनालमा मुर्दा
रूपियाँ गन्दै



३२.

वाइमा कारिरी
कृष्णको मुरलीमा
नाच्छु फिरिरी

३३.
फर्क नेपाल
विदेशिएका युवा
देश सम्हाल



३४.
मोटर चढेर
खाउँला चाट् दाङमा
लम्ही झरेर

३५.

सम्यक दृष्टि
जीवनको रोजाई
निर्वाण प्राप्ति



३६.

भाग्यको चक्र
सुख दु:खको बक्र
अन्त निर्वस्त्र

३७.

प्रवास बास
नर्क तिरको यात्रा
स्वर्गको आश



३८.

नेपाली पन
तिलाञ्जली दिएको
स्वाभिमानी म

३९.

मलाई औंशी
तिमीलाई चाँदनी
बधाई प्रिया



४०.

प्रवास वास
बाध्यताको बहाना
सुख चाहना

४१.

ल्हासाको सुन
नेपालमा भेटियो
चुनावी नारा



४२.

भौतिक शास्त्री
नेताजीको रोजाइ
जनै र टुप्पी

४३.
दर्जीको भोटो
दश ठाउँ फाटेको
टाल्दिने कस्ले



४४.
अग्नि परीक्षा
अब पालो रामको
सीताको माग

४५.
छोरी सुखमा
म बुहारी दुःखमा
सासु रूखमा



४६.
श्रमिक बाबु
दिन भर कोदालो
छोरो त भोकै

४७.

नेपाल खाल्डो
भ्रष्टले भरिएको
मृत सहर



४८.

मान्छेको भन्दा
शालिकको छ माया
सहिद दङ्ग

४९.

महिला मन्त्री
महिलानै भएको
सुन्दरी केटो



५०.

विधि प्रक्रिया
ठूला ठालुले लेख्छन्
सानाले भोग्छन्